# गल्छी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## बैरेनी, धादिङ
## बागमती प्रदेश, नेपाल

पत्र संख्या : २०८१/८२
चलानी नं. :

मितिः २०८१/११/२७

## सुरक्षा गार्ड सेवा करारमा लिने सम्बन्धी शिलबन्दी प्रस्ताव आव्हानको सूचना ।

(प्रथम पटक प्रकाशित मितिः २०८१/११/२७)

१. आ.व. ०८१/८२ को लागि गल्छी गाउँपालिकाको प्रशासकीय भवनको सुरक्षा प्रयोजनार्थ देहाय बमोजिमको सेवा आवश्यक भई सेवा करारमा लिनुपर्ने भएकोले सो कार्यको लागि इजाजत प्राप्त योग्य तथा इच्छुक फर्म, संस्था वा कम्पनीहरुबाट रीतपूर्वकको सिलवन्दी प्रस्ताव आव्हान गरिएको छ ।

सुरक्षा गार्ड संख्याः २ जना
आवश्यक सेवा अवधि : आवश्यकताका आधारमा थप गरिने छ ।

२. प्रस्ताव फारम तथा यस सम्बन्धी थप जानकारीको लागि यस कार्यालयको प्रशासन शाखामा सम्पर्क गर्न सकिनेछ ।

३. प्रस्तावदाताले फर्म वा कम्पनी वा संस्थाको दर्ताको अद्यावधिक प्रमाणपत्र, नवीकरण भएको इजाजतपत्र, सामाजिक सुरक्षा कोषमा दर्ता/सुचीकृत भएको पत्र, आ.व. ०८०/८१ को कर चुक्ता प्रमाणपत्र, मु.अ.कर/स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र रु.१०००/- (एक हजार मात्र) दस्तुर सहित निवेदन पेश गरी प्रस्ताव खरिद गर्न सकिनेछ ।

४. इच्छुक प्रस्तावदाताले मिति २०८१/१२/१२ गतेको दिउसो १२:०० बजे भित्र गल्छी गाउँपालिकाको कार्यालयमा प्रस्ताव पेश गर्न सकिनेछ । उक्त समयभन्दा पछि पेश भएको प्रस्तावलाई मान्यता दिइने छैन ।

५. दर्ता वा पेश भएका प्रस्तावहरु मिति २०८१/१२/१२ गते दिनको १३:०० वजे गल्छी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा प्रस्तावदाता वा निजको अख्तियार प्राप्त प्रतिनिधिको रोहवरमा खोलिनेछ । प्रस्तावदाता वा निजको प्रतिनिधि अनुपस्थित भएमा प्रस्ताव खोल्ने कार्यमा वाधा पर्ने छैन ।

६. प्रस्ताव खरिद गर्ने, दाखिला गर्ने एवं खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु विदा लगत्तै पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

७. प्रस्ताव पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने साथै प्रस्ताव रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

८. एक फर्मको नाममा खरिद गरिएको सिलबन्दी प्रस्ताव फाराम अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाइने छैन ।

# गल्छी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## बैरेनी, धादिङ
## बागमती प्रदेश, नेपाल


पत्र संख्या : २०८१/८२
चलानी नं. :

मितिः २०८१/११/२७

९. यस सूचनामा नपरेका अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम हुनेछ ।

१०. उमेर हद १८ बर्ष पुरा भई ४० वर्ष ननाघेको हुनु पर्नेछ ।

११. भूतपूर्व आर्मिलाई प्राथमिकता दिइनेछ ।

१२. सेवा तथा पारिश्रमिक विवरण देहाय बमोजिम हुनेछ ।

तपसिल

| क्र.स. | पद | माग पद संख्या | प्रति सुरक्षा गार्ड पारिश्रमिक मासिक | कामको विवरण |
|---|---|---|---|---|
| १ | सुरक्षा गार्ड | २ जना | रु. २६०८२/-(छब्बिस हजार बयासी रुपैंया) | दैनिक १२ घण्टाका दरले Duty पूरा गर्नु पर्नेछ । साथै राशनको व्यवस्था हुने छैन । |

(नविन गङतान लामा)
प्रमुख प्रशासकीय अधिकृत

नविन गङतान लामा
प्रमुख प्रशासकीय अधिकृत

गल्छी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैरेनी, धादिङ
बागमती प्रदेश, नेपाल

# आर्थिक प्रस्ताव फाराम

नविन गडतौल लामा
प्रमुख प्रशासकीय अधिकृत

श्री गल्छी गाउँपालिकाको कार्यालय
बैरेनी, धादिङ ।

विषयः आर्थिक प्रस्ताव पेश गरेको सम्बन्धमा ।

महोदय,

प्रस्तुत विषयमा तहाँ कार्यालयमा करारमा सुरक्षा सेवा उपलब्ध गराउने सम्बन्धमा मिति २०८१/११/२७ गतेको गोरखापत्रमा प्रकाशित बोलपत्र आव्हान सम्बन्धी सूचना अनुसार बोलपत्र फाराममा उल्लेखित कार्यक्षेत्रगत शर्तहरु पूर्णरुपमा पालना गर्ने गरी यस फर्म/कम्पनीले मूल्य अभिबृद्धि कर सहित वार्षिक रु. ........ अक्षरेपी ...................... मा सुरक्षा सेवा उपलब्ध गराउन इच्छुक भएको हुँदा यो आर्थिक प्रस्ताव पेश गरेको छु/गर्दछौ ।

यस फर्म/कम्पनीले पशे गरेको आर्थिक प्रस्ताव स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार तहाँ कार्यालयमा निहित रहेको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

प्रस्तावदाताको दस्तखतः

नामः

पदः

फर्म/कम्पनीको नाम र ठेगानाः

सम्पर्क नं.

फर्म/कम्पनीको छापः

मितिः

प्रमुख प्रशासकीय अधिकृत

# प्रस्तावित कबोल रकमको विवरण

सुरक्षा सेवाको लागि कबोल रकम

| क्र.सं. | विवरण | संख्या | मासिक रकम | | वार्षिक रकम |
|---|---|---|---|---|---|
| | | | दर | जम्मा | |
| १ | सुरक्षा गार्ड | २ | | | |
| | | | | | |
| कुल जम्मा | | | | | |

कुल जम्मा अक्षरमा:

प्रस्तावदाताको दस्तखत:

नाम:

पद:

फर्म/कम्पनीको नाम र ठेगाना:

सम्पर्क नं.

फर्म/कम्पनीको छाप:

मिति: